## नेपाल नागरिक उड्डयन प्राधिकरण
## नेपालगञ्ज नागरिक उड्डयन कार्यालय, नेपालगञ्ज, बाँके।

### भवन वहाल ठेक्का सम्वन्धी वोलपत्र आव्हानको सूचना।
(प्रकाशित मिति २०७९/०८/११)

नेपालगञ्ज नागरिक उड्डयन कार्यालय (नेपालगंज विमानस्थल) परिसरमा जम्मा १६१.४२ वर्ग मि. क्षेत्रफलको भवन थान १ मा रेष्टुरेन्ट संञ्चालन गर्ने कार्य ठेक्का बन्दोबस्त मार्फत गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट सो सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त गरी स्टार होटलको वर्गिकरणमा परेका इच्छुक व्यक्ति/संस्था/फर्म/होटल व्यवसायी/कम्पनीले निम्न शर्तहरूको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### शर्तहरू

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा काठमाडौ विशालबजार स्थित राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ मा रू ३,३९०/-(अक्षरेपीः तीन हजार तीन सय नब्बे रूपैयाँ मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५औं (पन्ध्रौं) दिनको कार्यालय समयभित्र खरिद गरी १६औं (सोह्रौं) दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गर्नुपर्नेछ। दाखिला हुन आएका बोलपत्रहरू सोह्रौं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो दिन बोलपत्रदाताकोतर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, आ.व २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको र कालोसूचीमा नपरेको भनी लिखित रूपमा गरेको स्वःघोषणापत्र पेस गर्नुपर्नेछ।

४. रेष्टुरेन्ट सेवा सञ्चालनको लागि भवन बहाल ठेक्का अवधि ३ (तीन) वर्षको हुनेछ। सो अवधिको न्यूनतम ठेक्का अंङ्क रकम रू २३,२४,४४८/- (अक्षरेपी तेईस लाख चौबिस हजार चार सय अठ्चालिस रूपैयाँ मात्र) कायम गरिएको छ। साथै दोस्रो वर्षदेखि कुल ठेक्का अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरूप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति/सस्था/फर्महरूले बोलपत्र प्रकृयामा भाग लिन पाउनेछैन। प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ।

६. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम कार्यालयको सिदार्थ बैंक लिमिटेड नेपालगञ्ज शाखामा रहेको धरौटी खाता नम्बर ०१५१५०८०४४३ मा रकम दाखिला गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री नेपालगञ्ज नागरिक उड्डयन कार्यालय, नेपालगञ्ज बाँके लाई सम्बोधन गरी नेपालगञ्ज नागरिक उड्डयन कार्यालयमा दर्ता गराउनु पर्नेछ।

८. बोलपत्रको दररेट भर्दा अंङ्क र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website:www.caanepal.gov.np र https://airports.caanepal.gov.np/nepalgunj/ मा उपलब्ध हुनेछ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरू नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरूको अलावा आवश्यक अन्य शर्तहरू सम्झौता पत्रमा राख्न सकिनेछ।

गोरखापत्र दैनिक।